आर्थिक बर्ष : २०८०/८१
बैठक संख्या : ३

आज मिति २०८०/०६/२२ गतेका दिन विरुवा गाउँपालिका गाँउकार्यपालिकाको कार्यालयमा गाउँकार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवर ज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थितिः

श्री सूर्य बहादुर कुवँर अध्यक्ष
श्री भगवती शर्मा उपाध्यक्ष
श्री राजेन्द्र कुमार के.सी. सदस्य
श्री नोम बहादुर गुरुङ सदस्य
श्री मनुकुमारी राना सदस्य
श्री मुक्त बहादुर गुरुङ सदस्य
श्री ङन बहादुर थापा सदस्य
श्री कृष्णबहादुर क्षेत्री सदस्य
श्री मेखराज गुरुङ सदस्य
श्री नविन कुमार आले सदस्य
श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य
श्री र माया गुरुङ सदस्य
श्री दुर्मा देवी थापा सदस्य
श्री इन्दिरा पोखेल सदस्य
श्री पाल सिं विश्वकर्मा सदस्य
श्री कोपिला वि.क. सदस्य
श्री भेषराज आचार्य सदस्य सचिव प्र.प्र.अ.

अन्य उपस्थिति

श्री रवीनराज मराठेनी - रोजगार संयोजक

CamScanner

गाउँ कार्यपालिका बैठका प्रस्ताव तथा निर्णयहरु (मिति २०८०/०६/२२)

प्रस्ताव नं. १. Lakhey Builders Nepal Pvt. Ltd. ले (NCB/BRM/WORKS/009/2079-80) को (MAINTENANCE WORK OF RANGKHOLA DHOWADI BIRUWA ROAD, DH:5+000 - 17+00) निर्माण कार्य वर्षा, सवारी चाप लगायत अन्य कारणले तोकिएको समयमा निर्माण कार्य सम्पन्न हुन नसकेको ले ६ महिना (२०८० चैत्र मसान्त) सम्म निवेदन थप गरिपाउँ भनि मिति २०८०/०६/०९ मा कार्यतालिका (Work Schedule) सहित निवेदन पेश गरेको ।

निर्णय नं. १ प्रस्ताव माथि छलफल गर्दा नियमानुसार रित प्रक्रिया पुर्याई माग बमोजिम म्याद थप गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २. जय मनकामना निर्माण सेवा, बिरुवा गाउँपालिका — ७, स्याङ्जाले मिति २०८०/०५/१२ मा घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र पाउँ भनि निवेदन पेश गरेको ।

निर्णय नं. २ यस कार्यालयको प्राविधिक इन्जिनियर प्रमिला पौडेल, सब-इन्जिनिय विज्ञान के.सी. र प्रशासन सहायक दिपक ढुंगानाले मिति २०८०/०६/११ मा बिरुवा गाउँपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७४ को दफा २(४) बमोजिम इजाजत पत्र दिने प्रावधान पुगेको प्रतिवेदन पेश गरेकोले उक्त जय मनकामना निर्माण सेवा, बिरुवा गाउँपालिका — ७, स्याङ्जालाई घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र दिने निर्णय गरियो ।

प्रस्ताव नं. ३. गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माण सम्बन्धमा ।

निर्णय नं. ३ यस बिरुवा गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माणको लागि सूचना प्रकाशित गरे बमोजिम प्राप्त हुन आएका प्रतिक चिन्ह (लोगो) हरुका डिजाईन गाउँपालिकाले माग गरे बमोजिमको पेश भएको नदेखिएकाले पुन: सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४. बिरुवा गाउँपालिकाको आ. व. २०८०/८१ को बार्षिक योजनाको शीर्षक नं. १४२ कृषि कार्यक्रम अन्तर्गत विनियोजित रकमको बाँडफाँड सम्बन्धमा ।

निर्णय नं. ४ उल्लेखित प्रस्ताव बमोजिम विनियोजन भएको रकमलाइ देहाय बमोजिमको शीर्षकमा रकम बाँडफाँड गर्ने निर्णय गरियो ।

कार्यक्रमहरुको विवरण

| क्र.सं. | कार्यक्रमहरु | गाउँपालिका बाट साझेदारी | कृषकहरु बाट साझेदारी | जम्मा रकम |
|---|---|---|---|---|
| १. | प्राङ्गारिक मल उत्पादन कार्यक्रम | १,००,०००।- | - | १,००,०००।- |
| २. | कृषि चुन वितरण | १,००,०००।- | १,००,०००।- | २,००,०००।- |
| ३. | सुन्तला बगैंचा शुदृढिकरण कार्यक्रम | १,७५,०००।- | १,७५,०००।- | ३,५०,०००।- |

२०८०।६।२२

| | | | | |
|---|---|---|---|---|
| ४. | कृषि ल्याब स्थापना | १,००,०००।- | - | १,००,०००।- |
| ५. | अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार | २,००,०००।- | - | २,००,०००।- |
| ६. | इन्फोर्मेटिव चार्ट | २५,०००।- | - | २५,०००।- |
| | जम्मा | ७,००,०००।- | २,७५,०००।- | ९,७५,०००।- |

**प्रस्ताव नं. ५.** चाडवाड लक्षित सडक सरसफाई सम्वन्धमा ।

**निर्णय नं. ५** उल्लेखित प्रस्ताव बमोजिम नजिकिँदै गरेका महान चाडपर्वहरुको सन्दर्भमा सि.नं. २२७ को विभिन्न सडक तथा सरसफाई कार्यक्रम अन्तर्गत देहाय अनुसारका बाटोहरु मर्मत तथा सरसफाई गर्ने निर्णय गरियो ।

सडकको नाम

१. बेलघारी मेथाभुरुङ्ग सपाउँदे तल्लाथोक, बिरुवा-१ ८ ७
२. बिरुवा अर्चले धोवादी, बिरुवा-१ २ ३
३. धोवादी खाली खाङ्गराङ्ग, बिरुवा-३
४. भञ्याङ्ग बाहुँ बिरुवा, बिरुवा-४ १
५. बिरुवा शिखरसिङ्ग दह ५ नं. वडा कार्यालय सम्म, बिरुवा-१ ५
६. ज्यागदी करिडोर, बिरुवा-५ ६
७. लाटापिपल धरादी आमडाँडा लेवा, बिरुवा-६
८. बिरुवा ललाङ्ग तर्ले कुसुमभञ्याङ्ग, बिरुवा-१ ८ ७
९. बाहहाते देखि मनकामना, बिरुवा-७

**प्रस्ताव नं. ६.** भुरुङ्गचौकी मा. वि. प्राविधिक शिक्षालय प्रवर्द्धन सम्बन्धमा ।

**निर्णय नं. ६** यस गाउँपालिकाको आ.व. २०८०/८१ को वार्षिक योजना तथा कार्यक्रमको शिर्षक नं. ६२ मा भुरुङ्गचौकी मा. वि. प्राविधिक शिक्षालय प्रवर्द्धन शिर्षकबाट उक्त प्राविधिक शिक्षालयबाट माग भए आए बमोजिम प्राविधिक शिक्षकको तलव भत्ता भुक्तानि गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७.** एम्बुलेन्स माग सम्बन्धमा ।

**निर्णय नं. ७** काठमाडौं महानगरपालिका, नगरपालिकाको कार्यालयको मिति २०८०/०६/०४ को एम्बुलेन्स माग गर्ने सम्बन्धी सार्वजनिक सूचना अनुसार यस गाउँपालिकाको पालिका स्तरीय अस्पताल विरुवा-६, चिन्नेवासमा रहने गरी एक (१) एम्बुलेन्स आवश्यक परेको हुँदा एम्बुलेन्स माग गर्ने निर्णय गरियो ।

२०८०।६।२२

**प्रस्ताव नं. ८.** प्रहरी विट राख्ने सम्बन्धमा ।

**निर्णय नं. ८** यस बिरुवा गाउँपालिका वडा नं. ७ मा अवस्थित मनकामना मन्दिर सेरोफेरोमा शान्ति सुरक्षा कायम गर्नको लागि प्रहरि विट राख्नको लागि स्थायी रुपमा प्रहरी विट राख्न सम्बन्धित कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९.** विविध ।

**निर्णय नं. ९** देहाय अनुसारका शिर्षकहरुमा यस गाउँपालिकामा विभिन्न व्यक्ति/संस्थाहरुबाट आर्थिक सहयोग/प्रस्ताव पेश हुन आएकोले देहाय अनुसारको बजेट शीर्षकबाट देहाय अनुसार सहयोग/विनियोजन गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | कार्यक्रमको नाम/विवरण | बजेट शिर्षक | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | दोस्रो मनकामना महोत्सव सञ्चालन | कार्यक्रम खर्च (५४) | १,००,०००।- | |
| २. | दोस्रो एक्टिभ ईन्टरटेनमेन्ट म्युजिक अवार्ड-२०८० लाई सहयोग | संघ संस्था सहायता (९५) | ४०,०००।- | |
| ३. | मदन भण्डारी स्पोर्टस् एकेडेमीलाई सहयोग | संघ संस्था सहायता (९५) | ४०,०००।- | |
| ४. | रामचन्द्र शर्मा वडा नं. ५ सहयोग (आर्थिक अवस्था कमजोर मुटुरोगी) | अन्य समाजिक सहायता (१००) | २५,०००।- | |

**निर्णय नं. १०**

विरुवा गाउँपालिका वडा ७ स्थित बाह्रहाते मनकामना सपाउँदे सडकको मर्मत सम्भार र नाली सरसफाईका लागि ३ जना बाटो हेरालुको व्यवस्था गरी १५ दिन नबढ्ने गरी सडक सरसफाईको काममा लगाउने निर्णय सर्वसहमतिले गरियो ।

**निर्णय नं. ११**

नेपालीहरुको महान पर्वहरु वडादशैं, शुभदिपावली, छठ, नेपाल संवत् लगाएतका चाडवाडहरुको उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण बुवाआमा, दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धिका साथै उत्तरोत्तर प्रगतिको कामना सहित यस बिरुवा गाउँपालिका परिवार शुभकामना व्यक्त गर्दछौं ।

CamScanner